


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज १ गते शुक्रबार ❑ 17 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## गण्डकी प्रदेश आम सञ्चार विधेयक फिर्ता लिन महासंघ गण्डकीको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ भदौ**

नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समितिले गण्डकी प्रदेश सभामा पेश भएको गण्डकी प्रदेश आम सञ्चार विधेयक तत्काल फिर्ता लिन प्रदेश सरकारसंग आग्रह गरेको छ। बिहीबार गण्डकी प्रदेशका कानून सञ्चार तथा प्रदेश मामिला मन्त्री विन्दु कुमार थापालाई ज्ञापनपत्र दिँदै उक्त विधेयकलाई तत्काल फिर्ता लिन आग्रह गरेको हो।



प्रदेश समितिले पेश गरेको ध्यानाकर्षण पत्रमा 'संविधानमा उल्लेखित प्रावधानलाई समेत बेवास्ता गर्दै पेश भएको उक्त विधेयक श्रमजीवी पत्रकार विरोधी, प्रेश स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता विरोधी भएको ठहर गर्दै हामी उक्त विद्देयक फिर्ता लिन जोड दार माग गर्दछौं' उल्लेख गरिएको छ। ज्ञापन पत्र बुझाउने क्रममा बोल्दै पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष नारायण शर्माले विधेयक फिर्ता लिनुपर्ने बताए। विधेयक फिर्ता नलिए सरकार नै अप्ठ्यारामो पर्ने उनको चेतावनी थियो। महासचिव गोविन्द सुवेदीले प्रदेश सरकारले पेश गरेको विधेयक फिर्ता नलिइ अगाडि बढाइए प्रदेशभरका पत्रकार आन्दोलनमा उत्रने बताए। उनले प्रदेशभरका पत्रकार आन्दोलनको तयारीमा रहेको जानकारी दिँदै विधेयक फिर्ता लिएर पुर्नलेखन गर्न आग्रह गरे। प्रदेश सभाको विधायन समितिमा छलफलमा छलफलका लागि पेश भएको विधेयकले संविधानको धारा १९ को उपधारा २ मा 'समाचार, लेख प्रकाशन एवं प्रसारण गरेबापत सञ्चारमाध्यम बन्द, जफत वा दर्ता खारेज गर्न नसकिने' संविधानको यो व्यवस्थालाई समेत कुल्चेको छ। कर्मचारीले पत्रकारलाई कारबाही गर्न सक्ने गरी विधेयक ल्याइएको छ। विधेयकको परिच्छेद १० को ४७ को १ र ३ मा मुद्दा हेर्ने अधिकारीमा मुद्दाको सुरू कारबाही र किनारा गर्ने अधिकार मन्त्रालयका सचिवमा हुने उल्लेख गरेको छ। ४७ को १ मा इजाजत पत्र नलिई कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिंक गरेमा त्यस्ता व्यक्तिलाई इजाजत पत्र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## लायन्स नमुना उद्यमी गाउँ लमजुङको समुद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ भदौ**

लायन्स अन्तराष्ट्रिय डिष्ट्रिक्ट ३२५ वि १ नेपालको यो वर्षको मुख्य कार्यक्रम लायन्स नमुना उद्यमी गाउँ बनाउने अभियान अन्तरगत भदौ ३० गते बुधबार लमजुङको मध्यनेपाल नगरपालिका ७ को पैराबन गाउँलाई लायन्स नमुना उद्यमी गाउँका रुपमा शुभारम्भ गरिएको छ।



गण्डकी प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री मधु अधिकारीको प्रमुख आतिथ्यतामा उक्त पैराबन गाँउलाई लायन्स उद्यमी नमुना गाँउ घोषणा गर्दै उद्घाटन गरिएको हो। कार्यक्रमका प्रमुख अतिथी स्वास्थ्य तथा जनसंख्या मन्त्री मधु अधिकारीले सामाजिक संस्था लायन्सले गरेका सेवा कार्यहरुको प्रसंसा गर्दै पैराबन गाँउलाइ नमुना उद्यमी गाउँ बनाउने लायन्सको अभियानलाई सबै मिलेर सफल बनाउनुपर्ने बताइन। साथै सहयोगको अति आबश्यक रहेको यो पैराबन गाउँ छनौट गरेकोमा लायन्स डिष्ट्रिक्ट ३२५ वि १ परिवारलाई धन्यबाद समेत दिइन। सो अवसरमा डिष्ट्रिक्ट गभर्नर लायन विश्वेश्वर आर्चायले लायन्सले हरेक वर्ष बिभिन्न कार्यक्रमहरु गरिरहेको र यो बर्ष दीगो बिकाशको कार्यक्रम गर्ने उदेश्यले १४ जिल्लाको १४ गाउँमा नमुना उद्यमी गाउँ बनाउने योजना अनुरुप पैराबन गाउँमा यो कार्यक्रम ल्याएको बताए। लायन्सले गर्ने नियमित सेवाका कार्यसँगै नमुना उद्यमी गाउँ बनाउने अभियानमा सहकार्य गर्न गभर्नर आर्चायले सबैलाई आग्रह समेत गरेका छन।

लायन्स मोडेल भिलेज लमजुङका प्रमुख तथा कार्यक्रम संयोजक लायन चन्द्रप्रसाद अधिकारीले पैराबन गाउँमा यो बर्ष लायन्सका कार्यक्रम केन्द्रित गरी स्थानिय जनतालाई बिभिन्न किसिमका तालिम, शिप सिकाउदैं कृषी, पशुपालनबाट गाउँलेको आयआर्जन बढाउने अभियानमा लायन्स लागेको बताए। लायन्स उद्यमी गाउँ उद्घाटन कार्यक्रमका अवसरमा डिष्ट्रिक्ट तथा विभिन्न क्लब, संघ सस्थाबाट प्राप्त करिब १३ लाख बराबारको सामाग्री पनि गाउँलाई हस्तान्तरण गरिएको थियो। कार्यक्रममा १ थान हाते ट्रयाक्टर, ३ थान ल्यापटप, ४२ थान वाटर फिल्टर, ४८ थान डष्टबिन, ४० थान मौरी घार, ९१ थान स्कुल ब्याग , १०० थान स्वीटर, सिलाई मेशिन २ थान, आरन ३ थान, बाध्यबादनका सामाग्री, खेलकुद सामाग्री, स्टेशनरी, तरकारी फलफूलका विरुवा, छात्रबृती लगायत सामाग्रीहरु हस्तान्तरण गरिएको डिष्ट्रिक्ट ३२५ वि १ नेपालका क्याबिनेट सेक्रेटरी दुर्गाप्रसाद हुमागाईले बताए।

कार्यक्रममा, लमजुङ मध्यनेपाल नगरपालिकाका प्रबक्ता तथा वडा नं ७ का अध्यक्ष गगन घिमिरे, ब्रिटिस नागरिक लि विलियन, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाका कृष्ण प्रसाद तिवारी, लायन्स डिष्ट्रिक्ट ३२५ वि १ नेपालका एलआरपिसि चिफ लायन राम बसेल, क्लष्टर चिफ लायन मधुसुदन कोइराला, सेकेण्ड भिडिजि लायन मणीश्री रत्न बज्राचार्य, फष्ट भिडिजि लायन महेन्द्र पौडेल, मोडल भिलेज उपभोक्ता समुह लमजुङका अध्यक्ष बुद्धीसागर पोखेल लागायतले मन्तव्य राखेका थिए।

स्थानिय जनता, संघ संस्थाका प्रतिनिधि र लायन्स लिडरहरुको उपस्थिति रहेको कार्यक्रम डिष्ट्रिक्ट ३२५ वि १ नेपालका डिष्ट्रिक्ट गभर्नर लायन विश्वेश्वर आचार्यको सभापतीत्वमा सम्पन्न भएको थियो।

## गण्डकी प्रदेशका ८५ स्थानीय तहमा फोर जी सेवा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ भदौ**

नेपाल टेलिकमले गण्डकी प्रदेशका ८५ वटै स्थानीय तहमा फोरजी सेवा पुर्‍याएको छ।

आफ्नो सेवालाई प्रभावकारी बनाउँदै गण्डकी प्रदेशका ८५ वटै स्थानीय तहमा फोरजी सेवा पुर्‍याएको नेपाल टेलिकमले जनाएको छ।

नेपाल टेलिकमका सह-प्रवक्ता रञ्जित लौहियाले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा प्रदेशका ८५ वटा स्थानीय तहमा ५०३ वटा फोरजीका टावर राखिएको जानकारी दिनुभयो। उहाँले सेवा विस्तारको क्रममा कतिपय स्थानमा नेटवर्क समस्या देखिएको गुनासो आएको जनाउँदै त्यसको पहिचान गरेर समाधान गरिने बताउनुभयो। उहाँले भन्नुभयो, "हामी सहज र प्रभावकारी रुपबाट सेवा विस्तारमा जुटेका छौं, प्रदेशका ४८ वटा ठाउँमा नेटवर्क नपुगेको पहिचान भएको छ, ती ठाउँमा चाँडै टावर राख्ने योजनामा छौ।" उहाँले बागलुङलगायत केही जिल्लामा पूर्ण फाइबर सेवा विस्तार भइरहेको जनाउनुभयो। उहाँका अनुसार टेलिकम फाइबर टु दि होम सर्भिसका लागि ११ लाख ७४ हजार सीम तयारी अवस्थामा रहेको छ।

तीमध्ये पाँच लाख ६४ हजार वितरण गर्न योग्य रहेको र एक लाख ८३ हजार वितरण गरिसकेको छ। नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले टेलिकमले नाफा मात्र नहेरी सेवामुखी काम गरेको बताउनुभयो। उहाँले मनाङको बाढीपहिरामा हेलिकप्टरबाट सामान लगेर पनि सेवा सुचारु गरिएको तथा राज्य र नागरिकप्रति उत्तरदायी बन्दै प्रभावकारी सेवामा जोड दिएको बताउनुभयो। उहाँले सेवाग्राहीका गुनासोलाई सम्बोधन गर्दै आगामी दिनमा अझै प्रभावकारी सेवा दिने प्रतिबद्धता व्यक्त गर्नुभयो। विद्यार्थीको अनलाईन कक्षाका लागि पनि सर्वसुलभ प्याकेज तयार गरेको उहाँको भनाइ छ। नेपाल टेलिकमले पछिल्लो पटक 'नमस्ते-पे' सञ्चालनमा ल्याएको छ। नेपाल टेलिकमको ६२ प्रतिशत र नेपाल राष्ट्रबैंकको ३८ प्रतिशत लगानीमा नेपाल डिजिटल पेमेन्ट्स कम्पनी स्थापना गरेर डिजिटल पे 'नेपाल-पे' सञ्चालनमा आएको सहप्रवक्ता लौहियाले जानकारी दिनुभयो।

## गण्डकीमा थप १३७ जनामा कोरोना संक्रमण


**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ भदौ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा थप १३७ जनामा कोरोना संङ्क्रण पुष्टि भएको छ।

यस अवधिमा ९६३ जनाको कोरोना परीक्षण गरिएकामा सबैभन्दा बढी कास्कीका १०३, नवलपरासी पूर्व र स्याङ्जाका नौ/नौ, तनहुँका सात, लम्जुङका छ, पर्वतका दुई र बाग्लुङका एक जनामा कोरोना संक्रमण पुष्टि भएको हो। पछिल्लो २४ घण्टामा चार जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्मालै जानकारी दिनुभयो।

उहाँका अनुसार मृत्यु हुनेमा स्याङ्जाको पुतली बजार नगरपालिका-८ का ४९ वर्षीय र चापाकोट नगरपालिका-३ का ८१ वर्षीय पुरुष हुनुहुन्छ।

त्यस्तै बाग्लुङ जिल्लाको बाग्लुङ नगरपालिका-५ का ५३ वर्षीय पुरुष र कास्कीको रुपा गाउँपालिका-४ का ९० वर्षीय महिलाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ। यस अवधिमा प्रदेशमा २५२ जना कोरोना संक्रमणमुक्त भएका छन् भने एक हजार ३२१ जना होम आइसोलेसनमा छन्।




## तमु परिवार न्युयोर्क इन्कद्वारा बतास फाउन्डेसनलाई ५ लाख २० हजार सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ भदौ**

तमु परिवार न्युयोर्क इन्कले बतास फाउन्डेसनलाई ५ लाख २० हजार सहयोग गरेको छ।



पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत्‌को पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा बृहत् अक्सिजन प्लान्ट स्थापनाका लागि तमु परिवारको तर्फबाट पोखरा महानगरपालिका वडा नं. १० का वडा अध्यक्ष राजकुमार गुरुङले एक समारोहबिच बतास फाउन्डेसनका अध्यक्ष आनन्दराज बतासलाई ५ लाख २० हजारको चेक हस्तान्तरण गरेका हुन्। 'सम्पूर्ण तमुहरू एक हौं भाषा, संस्कार र संस्कृतिको संरक्षण गरौं भन्ने अभिप्रायले अमेरिकाको न्युयोर्कका विगत एक दशकदेखि तमु परिवार क्रियाशील छ। न्युयोर्क इन्कका अध्यक्ष देवीजंग गुरुङले अत्यावश्यक अक्सिजनको मुद्धामा बतासको ध्यान केन्द्रित हुनु सकारात्मक पहल हो भन्ने ठानेर घरदेशका नेपालीले स्वास्थ्य लाभ लिन पाउन भन्ने उद्धेश्यले परदेशमा रहेका सहयोगी नेपाली मनहरूले आफ्नो गच्छे अनुसार आर्थिक सङ्कलन गरी नेपाल पठाएको बताए। तमु परिवार न्युयोर्कले कोरोनाकालमा गण्डकी मेडिकल कलेजको कोभिड उपचार केन्द्रमा निःशुल्क खाना खुवाउनका लागि ५० हजार आर्थिक सहयोग गरेको थियो। गैह्र नाफामुखी बतास फाउन्डेसनले अस्पतालमा अक्सिजन प्लान्ट स्थापना र आइसियु बेड थप्नका लागि पहल गरेको हो। फाउन्डेसनले 'रु १०० दान गरौं, महामारीमा प्राण राखौं' भन्ने उद्‌घोषका साथ आर्थिक सङ्कलन अभियान चलाएको फाउन्डेसनका अध्यक्ष आनन्दराज बतासले जनाएका छन्। अस्पतालमा अक्सिजन प्लान्टका लागि ५ करोड अनुमानित बजेट लाग्ने छ। अक्सिजन प्लान्ट प्रदेश कै ठूलो हुने र दैनिक १ सय ५० सिलिन्डर अक्सिजन उत्पादन क्षमताको हुनेछ। गत जेठमा सुरू भएको आर्थिक सङ्कलन अभियानमा अहिलेसम्म ३ करोड ७ लाख रूपैयाँ सङ्कलन भइसकेको र चाँडै नै प्लान्ट जडान हुन लागेको समितिका सदस्य दीपेन्द्र श्रेष्ठले बताए। कोभिड-१९ को दोस्रो लहर सँगै स्वास्थ्य सङ्कट उत्पन्न हुँदा अस्पतालमा अक्सिजन अभाव भएपछि मानवीय संवेदनशीलतालाई मध्यनजर गर्दै विभिन्न दाताले आर्थिक सहयोगमा चासो देखाएका थिए। बतासलाई अक्सिजनमा उत्साह दिन विभिन्न संघ संस्थाले आर्थिक सहयोग प्रदान गरिरहेका छन्। बतास फाउन्डेसनका अध्यक्ष आनन्दराज बतासको अध्यक्षतामा अक्सिजन प्लान्ट स्थापनाका लागि समिति बनेको छ। ओटोवेज प्रालिका अध्यक्ष नारायण पौडेल कोषाध्यक्ष हुन भने पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी संरक्षक छन्। अस्पतालमा अक्सिजनको अभावले नागरिकको ज्यान जान थालेपछि अभियान सुरु भएको थियो।

प्लान्टले सार्थकता पाएमा जनताको जीवन सुरक्षित हुने आशा गरिएको छ। सहयोगी मनले ग्लोबल आइएमई बैंकको खाता नम्बर ६५०१००००३७७ मा रु १०० देखि आफूले चाहेजति रकम जम्मा गर्ने सुविधा छ।

# २४ घण्टामा १५११ संक्रमित थपिए

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ भदौ**

एकैदिन एक हजार ५११ जनामा कोरोना भाइरसको संत्रलमण देखिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार १५ हजार १७९ जनामा परीक्षण गरिएकामा सो संख्यामा संक्रमण पुष्टि भएको हो। नेपालमा संक्रमणको दर १९.२ प्रतिशत पुगेको छ।

यस्तै सक्रिय संक्रमित २५ हजार ७७२ जना रहेका छन्। पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला १० र २०० भन्दा बढी संक्रमित हुने जिल्ला २२ पुगेका छन्। बिहीबार एक हजार ६८९ संक्रमणमुक्त भएका छन्। अहिलेसम्म सात लाख ४५ हजार २१५ कोरोनामुक्त भएका हुन्। नेपालमा संक्रमणमुक्त हुने दर ९५.३ प्रतिशत रहेको छ। यस्तै संक्रमणबाट विगत २४ घण्टामा ११ जनाको ज्यान गएको छ। अहिलेसम्म संक्रमणबाट ११ हजार दुई जनाको निधन भएको छ। नेपालमा प्रतिदश लाखमा ३७०.८ जनाको संक्रमणका कारणले निधन हुने गरेको छ। हाल ४०७ सघन उपचार कक्ष, १२८ भेन्टिलेटर, २४ हजार २२२ होम आइसोलेसन, एक हजार ५५० संस्थागत आइसोलेसन र २२० जना क्वारेन्टिनमा रहेका छन्। बिहीबार एक लाख १० हजार ८९९ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। पहिलो मात्रा ६० लाख ५७ हजार १९४ जना र पूर्ण मात्रा ५४ लाख ७३ हजार १५१ जनाले लगाएका छन्।

# सत्तारुढ गठबन्धनमा डा भट्टराईको पाँच बुँदे सुझाव

**रासस**
**काठमाडौं, ३१ भदौ**

पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले सत्तारुढ गठबन्धनमा आबद्ध दलका शीर्ष नेताहरुसँग आज छुट्टाछुट्टै भेट गरी विभिन्न पाँच बुँदे सुझाव दिनुभएको छ।

पूर्वप्रधानमन्त्री भट्टराईले आज प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा(एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालसँग भेट गरी अध्यादेशको विषय चाँडो छिनोफानो गरेर सरकारलाई छिटो पूर्णता दिन आग्रह गर्नुभएको छ। उहाँले राष्ट्रिय सहमति कायम गरी अमेरिकी सहयोग परियोजना (एमसीसी) पारित गर्नुपर्नेमा जोड दिनुभएको छ। त्यस्तै, उहाँले प्रतिपक्षीसँग छलफल गरेर बजेट पास हुने वातावरण बनाउन शीर्ष नेताहरुलाई अनुरोध गर्नुभएको छ। जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्षसमेत रहनुभएका डा भट्टराईले गठबन्धनका सबै प्रमुख दल र दलका शीर्ष नेताहरुले राष्ट्रिय सहमति कायम गरी अहिलेको गठबन्धनलाई संसद्को पूर्ण कार्यकाल र चुनावसम्म नै लैजाने वातावरण बनाउन सबै जिम्मेवार हुनुपर्ने सुझाव दिनुभएको छ। उहाँले जनचासो र जनहितका सामाजिक मुद्दालाई प्राथमिकतामा राखेर गठबन्धनका राजनीतिक पार्टी र सरकारले समन्वय गरी समाधान खोज्नतिर लाग्न आग्रह गर्नुभएको छ।


## Embassy of India
### Kathmandu, Nepal

## VACANCY ANNOUNCEMENT

1. Ex- servicemen Contributory Health Scheme (ECHS ) is a Medical scheme launched by Govt of India to provide free medical treatment to the exservicemen pensioners and their dependents or Indian Armed Forces. Application are invited for the following posts. Employment will be on contractual basis without any pensionary benefits.

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1 | Radiographer | ECHS Polyclinic Pokhara |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by 30 Sep. 2021.

**For Pokhara**
**OIC ECHS Polyclinic, PPO**
**Embassy of India, Pokhara**
**Phone: 061-430232, 431477**
Email: oicpolypok.kathmandu@mea.gov.in


# गण्डकी...

दस्तुरवापत लाग्ने दस्तुर बराबरको रकम असुल गरी सो बराबरको रकम जरिवाना हुने उल्लेख छ। ४७ को ३ मा ऐनअन्तर्गत बनेका नियमबमोजिम गर्नुपर्ने कार्य नगरे वा गर्न नहुने कार्य गरे कसुरको मात्रा हेरी ५ हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने उल्लेख गरिएको छ।

पत्रकार महासंघ गण्डकी प्रदेशले यिनै प्रावधानले पत्रकार तथा सञ्चार माध्यमलाई नियन्त्रण गर्ने आफूप्रति वफादार बनाउने नियत राखेको भन्दै। यस्ता अरु केही प्रावधानका कारण विधेयक फिर्ता लिनुपर्ने औल्याएको छ। साथै विधेयक अगाडि बढाइए निरन्तर आन्दोलन गर्ने जनाइएको छ। यसैबीच प्रदेश सरकारलाई उक्त विधेयक फिर्ता लिन बाध्य पार्नका लागि आवश्यक रणनीति बनाउन पत्रकार महासंघ गण्डकी प्रदेश समितिको शुक्रबार आकस्मिक बैठक बस्ने भएको छ। उक्त बैठकले आवश्यक रणनीति बनाउने र आन्दोलनका कार्यक्रम समेत घोषणा गर्न सक्ने पत्रकार महासंघ गण्डकी प्रदेश समितिका महासचिव गोविन्द सुवेदीले जानकारी दिए। यसै गरी गण्डकी प्रदेशका कानून सञ्चार तथा प्रदेश मामिला मन्त्री विन्दु कुमार थापाले ज्ञापनपत्र बुझ्दै विधेयक सञ्चार मैत्री बनाएर मात्र पास गर्ने प्रतिवद्धता जनाए। 'यसमा केही कुरा राम्रा पनि छन्, तपाई (पत्रकार)का सुझाव सबै समेटेर यसलाई पास गर्छौं, गण्डकी प्रदेश सभाबाट पास भएको विधेयक पूर्ण सञ्चार मैत्री विधेयक हुनेछ। तपाईहरुले भने अनुरुप नै हुन्छ। सरकारले यो कुरामा यहाँहरु कन्भिन्स भइदिनुहोस् भन्न सक्छ। तर तपाईहरुका सल्लाह सुझाव लिएरै यसलाई पास गर्ने हो' उनले भने। प्रदेश सभामा विधायन समितिका सभापति विष्णुप्रसाद लामिछानेले विधेयक प्रदेशसभाको सम्पत्ति रहेको र आफूपनि एक पत्रकारकै प्रतिनिधिभएकाले पत्रकारको भावना सबै समेट्ने बताए। ' पनि पहिला पत्रकार नै हो। तपाई सबैको भावना समेटेर यसलाई पास गरौं भन्छु। मिडिया मैत्री नभएको कुरालाई हामी कसरी अगाडि बढाउँला र ?' उनले भने। उक्त अवसरमा पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिमिल्सिना र पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष नारायण कार्कीले विधेयक प्रेस मैत्री नभएको र यो फिर्ता गर्नुपर्नेमा जोड दिएका थिए।




पहिलो चरणको जनगणना सुरुः नेपालमा राष्ट्रिय जनगणना विस १९६८ वाट सुरु भएको हो। हरेक दश-दश वर्षमा नेपालको जनगणना गरिँदै आएको छ। राष्ट्रिय जनगणना २०७८ को पहिलो चरणको गणना बुधवारदेखि सुरू भएको छ। देशैभरि सुपरीवेक्षकहरूले घर तथा घरपरिवार सूचीकरण फारम भर्ने काम सुरू गरेका छन्। वडा न १३ मा पनि सुपरीवेक्षकहरु घर दैलोमा काम गर्न सुरु गरेका छन्। दोस्रो दिन बिहीवार सुपरीवेक्षक सम्झना अधकारी सूचीकरण फारम भर्दै। फोटो-पोखरापत्र

# सहारा फुटबल एकेडेमी अक्षयकोषमा २ करोड १८ लाख संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ३१ भदौ**

पोखराको एक प्रतिष्ठित सहारा क्लबले सञ्चालन गरेको सहारा फुटबल एकेडेमी अक्षयकोषमा हालसम्म २ करोड १८ लाख ६८ हजार २ सय ५९ रुपैया संकलन भएको छ।

सहारा फुटबल एकेडेमी अक्षयकोषमा आर्थिक बर्ष २०७७/०७८ मा मात्र ५ लाख १५ हजार ६ सय ९२ रुपैया संकलन भएको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताए।सहारा एकेडेमीमा हाल १४ जिल्लाका २३ जना वालकहरु रहेका छन्। उनीहरुको पालनपोषण सहितको फुटवल खेल प्रशिक्षण गराउन हाल करिब १० जना जसो कर्मचारीहरु रहेको क्लवले जनाएको छ। क्लवले हरेक बर्ष जसो आयोजना गर्ने आहा रारा गोल्ड कप फुटवल प्रतियोगिताबाट बचत हुने रकम सहारा फुटवल एकेडेमीमा रहेका बालकहरुको भरणपोषणमा खर्चदै आएको छ। कठिन परिस्थिति एवं विपन्न वर्गका बालकहरुको सहारा फुटबल एकेडेमीलाई दीर्घकालीन समयसम्म निरन्तर संचालनका लागि आर्थिक श्रोत जुटाउने उद्धेश्यले उक्त कोषस्थापना गरिएको नवनिर्वाचित अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए।





## संविधान दिवस भव्य रुपमा मनाऔं


-असोज ३ गते संविधान जारी गरेको दिन, राष्ट्रिय दिवसका रुपमा मनाऔं।
-असोज २,३ र ४ गते यो दिवस विविध कार्यक्रम गरी मनाऔं।
- संघ प्रदेश एवं स्थानीय सरकारवीच समन्वय गरौं, संविधान दिवसको महत्व बढाऔं।
-घरघरमा राष्ट्रिय झण्डा फहराऔं, साझ दीपावली गरौं।

*'कोभिड-१९ संक्रमणको वेला नेपाल सरकारले जारी गरेको मापदण्ड पालना गर्न नविर्सौं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## कपालको उपचार
### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# प्रचारका सुपथ मूल्य पसल

नेपालीको महान चाडपर्वको बेला सरकारले सुपथ मूल्य पसल संचालन हुने गर्छ । धेरै वर्षदेखि सुपथ मूल्य पसल संचालन हुने उपभोक्ताले आवश्यक वस्तु नपाउने स्थितिमा सुधार आउन सकेको छैन । उपभोक्ताको मागलाई हेरेर होइन परम्परालाई धान्न मात्र सुपथ मूल्य पसल संचालन हुन्छन् । जुन वर्गलाई लक्षित गरेर पसल संचालन हुन्छन् ती वर्गले फाइदा लिन सक्दैनन् । सरकारी स्वामित्वमा सञ्चालित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले ४३ स्थानमा सुपथ मूल्य पसल सञ्चालन गर्ने भएको छ। असोज १ गतेदेखि सञ्चालन हुने सुपथ मूल्य पसल कम्पनीले कार्यालय रहेका ३९ जिल्लामा ४३ स्थानमा सञ्चालन गर्ने जनाएको छ।

हरेक वर्ष दशैं, तिहार र छठ पर्वका बेला सुपथ मूल्य पसल सञ्चालन हुँदै आएका छन । सुपथ मूल्यका पसलमा शुरुका दिनमा लामो लाइन लाग्ने एक सातापछि बन्द हुने गर्दछन।१ किलो चिनीको लागि दिनभरि लाइनमा बस्नुपर्ने अबस्था नहट्ने हो भने सुपथ मूल्य पसल प्रचारका लागि मात्रै हुन्छ । कम्पनीले यस वर्ष चामल, दाल, चिउरा, पिठो र तेलमा रु पाँच तथा भटमासको तेल, मासु र कर्णाली सिमीमा रु १० छुट दिने जनाएको छाकम्पनीले काठमाडौं उपत्यकामा खाद्यको थापाथली, रामशाहपथ, नक्खु, लगनखेल र सूर्यविनायक बिक्री केन्द्रबाट सुपथ मूल्यमा खाद्य सामग्री बिक्री वितरण हुने जनाएको छ।

यस्तै, उपत्यकाबाहिर बनेपा, विराटनगर, बिर्तामोड, हेटौंडा, नारायणगढ, भैरहवा, बुटवल, नेपालगञ्ज, पोखरा, दाङ, सुर्खेत, धनगढी, महेन्द्रनगर, डडेलधुरालगायत स्थानबाट खाद्य वस्तु बिक्री वितरण हुने बताइएको छ। यस वर्ष खाद्य कम्पनीले च्याङ्ग्रा ल्याउने सम्भावना कम रहेको जनाएको छ। कोभिडका कारण कम्पनीले गत वर्षसमेत च्याङ्ग्राको बिक्री वितरण रोकेको थियो ।

खाद्य कम्पनीसँगै साल्ट ट्रेडिङ कर्पोरेसन र दुग्ध विकास संस्थान (डीडीसी) ले आफ्ना बिक्री केन्द्रमा सुपथ मूल्य पसल सञ्चालन गर्ने जनाएका छन् । यसअघि नै कोभिड संक्रमणलाई ध्यानमा राख्दै उपभोक्ताको भीडभाड नहुने गरी खाद्यान्न बिक्री वितरण गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले तीन कम्पनीलाई निर्देशन दिइसकेको छ।सुपथ मूल्य पसल स्थानीय तहले तोकेका धेरैलाई पायक पर्ने ठाउँमा संचालन हुन सकेमा अनावश्यक भिड हुँदैन। कोभिड संक्रमण फैलिन नदिन भिडभाड हुन नदिने र धेरै ठाउँका पसललाई सरकारी स्वामित्वका कम्पनीले दिएर स्थानीय तहले अनुगमन गर्नु पर्दछ। उपभोक्ताका संस्थासंग समन्वय र स्थानीय तहसंग सहकार्य गरेमा सुपथ मूल्य पसलबाट जनताले फाइदा लिन सक्छन् ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : कार्यमा सफलता |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शारीरिक झमेला | धनु | : आर्थिक समस्या |
| कर्कट | : झमेला बड्ने | मकर | : ब्यापारमा लाभ |
| सिंह | : मन चञ्चल | कुम्भ | : शत्रुको भय |
| कन्या | : मानसिक तनाब | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कोरोना माहमारीबीच स्याङ्जामा कोदो खेतीमा वृद्धि

– हिमलाल पराजुली
स्याङ्जा, ३१ भदौ (रासस)

कोभिड-१९ ले धेरै कुरालाई प्रभावित पारेको भएपनि कृषि क्षेत्रमा भने यसको सकरात्मक प्रभाव पारेको छ ।कोरोना सङ्क्रमणका कारण धेरैको रोजगारी गुम्नाका साथै आर्थिक अवस्था खस्कँदो अवस्थामा भए पनि कृषि क्षेत्रमा भने यसको सकरात्मक प्रभाव बढ्दै गएको छ । जिल्लामा कोरोना सङ्क्रमणका कारण वैदेशिक रोजगारीमा गएका गाउँघरमा फर्किनाका साथै लकडाउनका कारण व्यापार व्यवसाय बन्द भएपछि फुर्सदको समयलाई गाउँघरमा बाँझो रहेको जमिनमा खेतीपाती गरेर सदुपयोग गर्दा उत्पादनमा वृद्धि हुँदै जान थालेको छ।

किसानका लागि बढी मेहनत लाग्ने कोदो खेतीमा यस वर्ष वृद्धि भएको छ । मेहनत बढी लाग्ने र उत्पादन कम हुने भन्दै विस्तारै कम हुँदै गएको कोदो खेतीको यस वर्ष वृद्धि भएको हो । स्वास्थ्यका लागि निकै राम्रो र पोसिलो मानिएको कोदो लगाउनका लागि बढी मेहनत गर्नुपर्ने तथा उत्पादन सोचे जति राम्रो नहुने भन्दै केही वर्षदेखि कम मात्रामा लगाउने गरिएको थियो ।

किसानले यस वर्ष भने कोरोना सङ्क्रमणका कारण बाहिर काममा भएका परिवारका सदस्यसमेत खेतीबाली लगाउने समयमा घरमै हुँदा काम गर्ने जनशक्ति प्रसस्त भएकाले गाउँघरमा त्यसै बाँझो रहेको बारीमा समेत कोदो खेती गरेकाले यो खेती विस्तार गरिएको हो ।कोदो खेतीका लागि मेहनत बढी लाग्ने भए पनि स्वास्थ्यवर्द्धक खाद्य बालीका रुपमा रहेको कोदो खेतीमा वृद्धि भएको कृषि ज्ञानकेन्द्रका प्रमुख विनोद हमालले बताउनुभयो। किसानले यस वर्ष १६ हजार ५०० हेक्टर क्षेत्रफलमा कोदो खेती गरेको उहाँले जानकारी दिनुभयो । अन्य खेती बालीलाई बाँदरले बढी खाएर क्षति पुऱ्याउने भए पनि कोदो खेतीमा बाँदरले समेत कम क्षति पुऱ्याउने भएकाले गत वर्षको तुलनामा यस वर्ष किसानले धेरै जमिनमा कोदोलगाएको बताउनुभयो । हमालले भन्नुभयो, “मकै, गहुँलगायतका बालीमा बाँदरका साथै जङ्गली जनावरले बढी क्षति पुऱ्याउने भएकाले यो खेतीमा बाँदरले पनि त्यति धेरै क्षति पुऱ्याउँदैन, कोदो खेतीमा वृद्धि भएको छ, यो खेती बढ्नुमा कोरोना सङ्क्रमणका कारण जनशक्तिको समेत अभाव नभएकाले परिवारका सदस्य जम्मा भएको समयलाई समेत किसानले सदुपयोग गरेको देखिन्छ ।” गत वर्षको तुलनामा यस वर्ष जिल्लामा उत्पादन वृद्धि हुनेसमेत उहाँले बताउनुभयो।

आर्थिक वर्ष २०७७/०७८ मा १६ हजार ४०७हेक्टर जमिनमा कोदो खेती गरिएकामा आव २०७८/०७९ मा १६ हजार ५०० हेक्टर जमिनमा कोदो खेती लगाइएको छ । गत वर्ष १८ हजार ४७ मेट्रिक टन उत्पादन भएको ज्ञानकेन्द्रले जनाएको छ। गत वर्षको तुलनामा यस वर्ष कोदोको उत्पादन वृद्धि हुने अनुमान ज्ञान केन्द्रको छ। यस वर्ष १८ हजार १५० मेट्रिक टन कोदो फल्ने अनुमान रहेको प्रमुख हमालले बताउनुभयो । गत वर्ष रैथाने बाली उत्पादन प्रोत्साहन कार्यक्रमअन्तर्गत कोदोको बीउ, सिँचाइ, व्यवस्थापनलगायतमा किसानलाई सहयोग गरेको र यस वर्ष पनि बाँझो जग्गामा खेती गर्ने किसानलाई प्रोत्साहन गरिने कार्यक्रम रहेको ज्ञानकेन्द्रले जनाएको छ।

जाडो मौसममा कोदोको रोटी, ढिडोलगायतका परिकार खाँदा राम्रो हुने भएकाले कोदो खेतीको विस्तार गर्नुपर्ने चापाकोट नगरपालिका-१० की सावित्रा भट्टराईले बताउनुभयो । गाउँघरमा कोदोको परिकारमा त्यति धेरै चासो नदिए पनि सहर बजारमा भने यसको माग बढ्न थालेको पाइन्छ। पर्यटकीय गाउँहरूमा त कोदोको परिकारले पर्यटकको स्वागत गर्ने क्रम बढ्दै गएको पाइन्छ । गाउँ घुम्न आउने पर्यटकलाई स्थानीय उत्पादन कोदोको परिकारले स्वागत गर्ने गरेको कालीगण्डकी गाउँपालिका-६ मा रहेको प्रगति मैदान चोहानथोक होमस्टेका सल्लाहकार हीराबहादुर गाहाले बताउनुभयो।

अन्य बालीको समस्या लिएर किसान ज्ञानकेन्द्रमा पुग्ने गरे पनि कोदो बालीमा कुनै समस्या तथा गुनासो नआउने गरेको केन्द्रको भनाइ छ । पछिल्लो समय बजारीकरणले गर्दा गाँउघरका कोदो खेती हुने बारी बाँझै हुन थालेका छन् । अन्य बालीको तुलनामा कोदोलाई धेरै मेहेनत चाहिने, आवश्यक जनशक्ति पनि नपाउने कारण अन्य बालीको तुलनामा कोदो खेती भने कम नै हुने गरेको छ।

स्वास्थ्यका दृष्टिकोणले कोदोको परिकार लाभदायी हुने भए पनि गाउँघरमा यसको प्रयोग कम हुँदै गएको र बरु सहर बजारका होटल, रेष्टुराँमा कोदोको परिकार पाक्ने गरेको तथा बजार क्षेत्रमा कोदोको परिकारको उपयोग बढेको पाइन्छ।

# चितुवा मृत फेला

रासस
तनहुँ, ३१ भदौ

तनहुँको म्याग्दे गाउँपालिका-१ माथिल्लो गुणादीस्थित पृथ्वी राजमार्ग छेउमा बिहीबार चितुवा मृत फेला परेको छ।

चितुवा मृत फेला परेको स्थानीयले जानकारी गराएको सवडिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो।

“मृत्युको कारण थाहा हुन सकेको छैन”, उहाँले भन्नुभयो। जिल्लामा एक वर्षयता विभिन्न कारणले नौ चितुवाको मृत्यु भइसकेको छ।

# शनिबारसम्म वर्षा हुने

रासस
काठमाडौं, ३१ भदौ

न्यून चापीय प्रणालीको प्रभावले आगामी तीन दिन देशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा हुने भएको छ । नेपालमा भारतको मध्यप्रदेश आसपासमा अवस्थित न्यून चापीय क्षेत्रको प्रभावसँगै मनसुन न्युनचापीय रेखा औसत स्थानभन्दा दक्षिणतर्फ रहेकाले शनिबारसम्म देशकाअधिकांश स्थानमा वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागमा मौसमविद् मिनकुमार आर्यालले बताउनुभयो । “आज लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ”, उहाँले भन्नुभयो।

हाल देशभर सामान्यदेखि पूर्ण बदली रही लुम्बिनी र गण्डकी प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका एक वा दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको औँल्याइएको छ । दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रही लुम्बिनी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहनाका साथै लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावनासमेत रहेको बताइएको छ।

राति देशभर सामान्यदेखि पूर्ण बदली रही गण्डकी, लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा र बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम २० दशमलव शून्य डिग्री र अधिकतम तापक्रम २४ दशमलव चार डिग्री सेल्सियस रहेको छ। त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १४ दशमलव छ डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम ३३ दशमलव पाँच डिग्री सेल्सियस रहेको छ।

# कोरोनाले बढ्यो आयुर्वेदिक औषधिको माग

रासस
गोरखा, ३१ भदौ

जिल्लामा पछिल्लो समय आयुर्वेदिक औषधिको बिक्रीवितरण बढ्न थालेको छ।

कोरोना महामारीसँगै आयुर्वेदिक औषधि र औषधिजन्य उत्पादनको प्रयोग गर्ने क्रम बढदै जाँदा यसको बिक्री पनि बढ्न थालेको हो । जिल्लामा सञ्चालित पुरानो गोरखा आयुर्वेद कम्पनीले अघिल्लो आर्थिक वर्षको तुलनामा गएको आव २०७७/७८ मा झण्डै रु छ करोडभन्दा बढी आयुर्वेदिक उत्पादनको बिक्री वितरण गरेको छ।

महामारी कारण देशभरका अधिकांश उद्योगधन्दा, पेशा-व्यवसाय प्रभावित भइरहेका बेलामा सो कम्पनी अहिलेसम्मकै धेरै उत्पादन बिक्री गर्न सफल भएको कम्पनीका उत्पादन अधिकृत अर्जुन अर्यालले जानकारी दिनुभयो । “गत आवमा करिब रु २१ करोड बराबरको उत्पादन बिक्री भयो”, उहाँले भन्नुभयो, “अघिल्लो आवमा जम्मा रु १५ करोडको कारोबार कम्पनीले गरेको थियो।”

कोरोनाका समयमा आयुर्वेद कम्पनीले उत्पादन गरेको विभिन्न प्रकारका औषधि र औषधिजन्य वस्तुको माग बढी भएकाले पनि अघिल्लो वर्षको तुलनामा कारोबार बढी भएको उहाँको भनाइ छ। कोरोना महामारीसँगै कम्पनीले रोग प्रतिरोधात्मक क्षमता बढाउने विभिन्न औषधि उत्पादन गर्दै आएको कम्पनीले जनाएको छ।

कम्पनीले इमुनो केयर सिरप, इमुनो केयर ट्याबलेट, इमुनो केयर किट र इमुनो केयर क्वाथलगायतका औषधिको उत्पादन गर्दै आएको उहाँले जानकारी दिनुभयो। अहिले ती औषधिको नेपाली बजारमा अत्यधिक माग रहेको कम्पनीले जनाएको छ।

यसका साथै कम्पनीले उत्पादन गरेको गुडुची चियाको पनि बजारमा अत्यधिक माग छ। तुलसी, लेमन, सिनामन, जिन्जर, पावटी, गोरखा ड्याब टी, मिन्ट र स्लिम चिया कम्पनीले उत्पादन गर्दै आएको उत्पादन अधिकृत अर्यालले जानकारी दिनुभयो । त्यसबाहेक पनि अभिपत्तीकर चुर्ण, टेन्सारिन, पिलारीन र च्याबनप्रास र शक्तिप्रास पनि बजारमा माग धेरै रहेको बताइएको छ। कम्पनीले उत्पादन गर्दै आएको चियापत्ती, कुरिलो, गुर्जो र त्रिफला युरोपियन देशहरूमा समेत निर्यात गर्दै आएको उहाँले बताउनुभयो । “विशेषगरी युरोपमा कुरिलो पाउडर, गुर्जो पाउडर र आठै प्रकारको चियापत्ती निर्यात हुने गरेको छ”, अधिकृत अर्यालले भन्नुभयो, “कम्पनीले कोरोनाको समयमा पनि आफ्नो उत्पादनलाई जारी राखेका कारण अधिक बिक्री गर्न सफल भएको हो ।” कम्पनीले अहिले ११० प्रकारका औषधि तथा चिया र शक्तिबर्द्धक सामग्री उत्पादन गर्दै आएको छ। कम्पनीको आमती, कान्चनार गुगुल, डिकोरीन, पिलारिन, एमभि लिभ, योग्रास र त्रिफला गुगुलको माग पनि बजारमा अत्यधिक छ। उत्पानका लागि आवश्यक पर्ने ६० प्रतिशतभन्दा बढी कच्चा पदार्थ गोरखा, लमजुङ र तनहुँबाट ल्याउने गरिएको उहाँको भनाइ छ।

यसबाहेक आवश्यक अन्य कच्चा पर्दाथ झण्डै ३० प्रतिशत कच्चा पदार्थ काठमाडौं, कास्की, विराटनगर, चितवन र मकवानपुरबाट आयात गरिँदै आएको उहाँले बताउनुभयो। बाँकी रहेको १० प्रतिशत कच्चा पदार्थ भने भारतबाट आयात गर्दै आएको छ। भारतबाट जेठी मधु, असोका, सिरेनुन, बीरेनुन र जिरा ल्याउने गरिएको कम्पनीले जनाएको छ। सरकारले भारतबाट आयात हुने गुणस्तरहीन त्रिफला र अभिपत्तीकर चुर्णमा मात्र पनि रोक लगाउने हो भने पनि अधिकांश उद्योग नाफामा चल्ने अधिकृत अर्यालले दाबी गर्नुभयो ।

# विश्वकर्मा पूजा एवं वास्तु दिवस

रासस
काठमाडौं, ३१ भदौ

कन्या अर्थात् आश्विन सङ्क्रान्तिका दिन आज कालिगडले विश्वकर्माको पूजा आराधना गरी विश्वकर्मा दिवस मनाउँदैछन् ।विभिन्न कलकारखानामा विश्वकर्मा भगवान्को बालुवाको मूर्ति वा तस्वीरमा विधिपूर्वक पूजा आराधना गरी यो दिवस मनाउने गरिन्छ।

कलकारखानालाई विशेषरूपमा सजाएर मजदुरलाई समेत सहभागी गराएर यो दिवस मनाइन्छ। बालुवा वा अन्य चीजबाट बनाइएको विश्वकर्माको मूर्ति वाग्मती मुहानस्थल सुन्दरीजल वा अन्य स्थलमा लगी सेलाउने गरिन्छ । आज पूजा गरी शनिबारदेखि नदीमा लगी मूर्ति सेलाइन्छ।

नयाँ भेरियन्टसहितको कोरोनाको जोखिम कायमै रहेकाले स्वास्थ्य मापदण्ड पूरा गरेर विश्वकर्माको पूजा आराधनाको तयारी गरिएको जनाइएको छ । आजका दिन कालिगडले उपयोगमा ल्याउने विभिन्न औजारका सामानमा पूजा आराधना गरेमा धेरै समय टिक्ने, कामका बेलामा नबिग्रने र राम्रो काम गर्न सकिनेलगायत गुण प्राप्त हुने धार्मिक विश्वास छ । द्वापरयुगमा भगवान् कृष्णलाई राक्षसले दुःख दिएपछि विश्वकर्माले समुद्रको बीचमा ‘भेद द्वारका’ बनाई लुकाएको धार्मिक विश्वास छ। एकै रातमा समुद्रको बीचमा ‘भेद द्वारका’ को निर्माण गरेकाले विश्वकर्मालाई सफल वास्तुविद्का रूपमा मानी त्यसै समयदेखि पूजाआजा गर्ने परम्परा बसेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष एवं धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ।

प्राचीन भारत वर्षका चार दिशाका रक्षक देवतामध्ये द्वारकालाई पश्चिम दिशाको रक्षकका रूपमा समेत मानिन्छ । विश्वकर्माले निर्माण गरेको ‘भेद द्वारका’ अहिले पनि भारतको गुजरात राज्यमा समुद्रका बीचमा रहेको विश्वास गरिन्छ । विश्वकर्मालाई वास्तु विद्याका विशिष्ट ज्ञाताका रूपमा समेत मानिन्छ । विश्वकर्मा प्रकाश नामक वास्तु शास्त्रको ग्रन्थ उहाँले नै तयार पार्नुभएको विश्वास गरिने वास्तुशास्त्री शिव पोखरेल बताउनुहुन्छ । यही सम्झनामा नेपालका कालिगडले आज भव्यरूपमा विश्वकर्मा बाबाको पूजा गरी उहाँको विद्वताको सम्मान गर्ने र यसो गरेमा आफूमा पनि विश्वकर्माको गुण प्राप्त हुने विश्वास गर्दछन् ।

यस विश्वासमा आज इञ्जिन जडान भएका यन्त्र सवारी साधनमा समेत पूजा आराधना गरिन्छ । वास्तु शास्त्र पुस्तकका लेखक एवं अध्येताको सम्झनामा आजको दिनलाई वास्तुविद्हरुले वास्तु दिवसका रूपमा समेत मनाउने गर्छन् । पछिल्लो समय नेपालमा पनि वास्तु विद्याको पुनर्जागरण सुरु भएको छ। चार उपवेदमध्येको एक स्थापत्यवेदमा वास्तुकै विषय उल्लेख गरिएको छ । लुप्तप्रायः भएको स्थापत्य वेदमा आधारित सहर एवं आवास निर्माण गर्नेको संख्या बढ्न थालेको छ।

# सम्भव भए भौतिक उपस्थितिमा कक्षा सञ्चालन : त्रिवि

रासस
काठमाडौं, ३१ भदौ

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले सम्भव भएसम्म शुक्रबारदेखि भौतिक उपस्थितिमा नै कक्षा सञ्चालन गर्न क्याम्पसलाई आग्रह गरेको छ। त्रिवि कार्यकारी परिषद्को यही भदौ २७ गते बसेको बैठकले स्थानीय तहसँग समन्वय गरी जोखिम नियन्त्रणका लागि पूर्वतयारी एवं सतर्कता अवलम्बन गर्दै भौतिक उपस्थिति गराई कक्षा सञ्चालनको व्यवस्था गर्न निर्देशन दिएको सूचना तथा जनसम्पर्क महाशाखाका प्रमुख योगेन्द्रप्रसाद दाहालले बताउनुभयो।

कोरोना भाइरसको सङ्क्रमण बढेसँगै गत वैशाख १६ गतेदेखिको बन्दाबन्दीले गर्दा त्रिविका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसमा भौतिक उपस्थितिमा पठनपाठन बन्द गरिएको थियो। बन्दाबन्दीमा त्रिविले भर्चुअल विधिबाट कक्षा सञ्चालन गर्न आग्रह गरेको थियो।

# भारतमा दैनिक संक्रमितको संख्यामा फेरि वृद्धि

रासस
काठमाडौं, ३१ भदौ

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि वृद्धि भएको छ।

बुधबार सार्वजनिक गरिएको विवरणमा पछिल्लो एक दिनमा थप २७ हजार १७६ जना सङ्क्रमित भएका थिए भने बिहीबार सार्वजनिक गरिएको विवरणमा ३० हजारभन्दा बढी सङ्क्रमित भएको उल्लेख छ।

बुधबारसम्म चार दिनसम्म एक दिनमा ३० हजारभन्दा कम सङ्क्रमित भएका थिए। ती बिहीबार भने त्यो सङ्ख्या बढेर ३० हजारभन्दा बढी भएको छ । सरकारी अधिकारीले बिहीबार विहान दिएको जानकारीअनुसार भारतमा पछिल्लो २४ घण्टामा ३० हजार ५७० जना नयाँ सङ्क्रमित थपिएका छन्।


**विमालेख हरायो**

गुरांस लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारी गरिएको निम्न विवरणको बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगानामा बुझाईदिनुहुन अनुरोध छ ।

नाम: भिम माया आले
बिमालेख नं.: ६११०००७३७१

सम्पर्क
गुरांस लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रिय कार्यालय, पोखरा
०६१-५२४४५०, ९८२४१८६३६८

# पुल चार वर्षदेखि अलपत्र

- लक्ष्मीप्रसाद सापकोटा

**पर्वत, ३१ भदौ (रासस)**

निर्माणाधीन राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी लोकमार्गमा पर्ने मोटरेबल पुल विगत चार वर्षदेखि अलपत्र रहेको छ।फलेवास नगरपालिका-६ देवीस्थानरफलेवासनगरपालिका-१० कुर्घाबिचमा रहेको लमाए खोलाको पुल निर्माण व्यवसायीको लापर्वाही र गलत डिजाइनका कारण अलपत्र परेको हो।

स्याङ्जाको मिर्मिदेखि पर्वतको मोदीबेनीसम्म सडकको ट्र्याक खुले पनि लमाए खोलामा पुल नबन्दा करिडोर खण्ड अपूरै छ। प्राविधिकको गलत डिजाइनका कारण निर्माणाधीन मोटरेबल पुल अलपत्र परेको हो। पच्चीस मिटर लम्बाइको उक्त पुल रु पाँच करोड ६४ लाखमा नयाँ बाटो गौचन जेभीले जिम्मा लिएको थियो। ठेकेदार कम्पनीले पुल बनाउन पेटी ठेकेदारलाई जिम्मा दिएको थियो।

कालीगण्डकी करिडोर आयोजनाका इञ्जिनीयरले सुरुमा डिजाइन गरेको पुल खोलाको दुवैतर्फको किनारमा ढुङ्गा माथिबाट बनाइने जानकारी दिइएको थियो। डिजाइनकै क्रममा स्थानीयवासीले विरोध गरेपनि इञ्जिनीयरले गलत डिजाइनलाई नै निरन्तरता दिँदै ठेक्का खुलाएका थिए। विसं २०७४ को अन्त्यतिर गरिएको प्रतिस्पर्धामा छानिएको नयाँ बाटो गौचन जेभीले तीन वर्षभित्रै पुल सम्पन्न गर्ने जानकारी दिएको थियो।

यता कालीगण्डकी लोकमार्ग आयोजना प्रमुख सुबोधकुमार देवकोटाले यो पुलको नयाँ डिजाइन गरेर पुनः निर्माण कार्य शुरु गर्ने तयारी भइरहेको बताउनुभयो। केही महिनाभित्रै पुलको पुनः निर्माणको काम सुरु हुने उहाँको भनाइ छ। समयमै नसक्ने निश्चित भएपछि पेटी ठेकेदारलाई जिम्मा लगाएर मूल ठेकेदार सम्पर्कविहीन भएका थिए। त्यसपछि पुलको काम अगाडि बढेको छैन। दुई वटा खोलाको दोभानमा निर्माणाधीन पुलको जग बर्सेनि खोलाको बहावले कटान गर्दै आएको छ। पुल निर्माण गर्न थालिएको जमिन पनि पहिराले कटान हुँदै आएको स्थानीय गङ्गाराज शर्माले बताउनुभयो। शर्माका अनुसार स्थानीयले चिर्दिखोला र लमाए खोलासमेत समेट्ने गरी अहिले भएको स्थानभन्दा ५० मिटर परबाट पुल बनाउन भनेका थिए।

सङ्घीय सांसद पदम गिरीले २०७५ कात्तिकमा ताकेता गरेपछि ठेकेदार शिव गौचनले समयमा काम सक्न केही प्राविधिक समस्या भएको बताउनुभएको थियो। व्यवसायी गौचनका अनुसार काम सुरु गरेलगत्तै पाल्पास्थित आयोजना कार्यालयले काम रोक्न आदेश दिएको थियो। उहाँका अनुसार दुवैतर्फ चट्टानमा पुल बनाउँदा टिकाउ नहुने भन्दै पुनः डिजाइन गर्ने भनेको कार्यालयले पछि पुरानै डिजाइनमा काम गर्न भनेपछि अन्योल थपिएको हो। विसं ०७५ मङ्सिरमा काम सुरु गरेका व्यवसायीले २०७६ जेठमा पुल निर्माण सकेर आयोजना हस्तान्तरण गर्ने तयारी थियो। दुवैतर्फका पिलर उठाएर स्ल्याब ढलान गर्ने समयमा पुनः आयोजना कार्यालयले पुलको निर्माण रोक्न भनेको थियो। त्यही बेलादेखि अलपत्र छाडिएको रड, सिमेन्टलगायत लाखौँ मूल्यका सामग्री अझै निर्माणस्थलमा अलपत्र छन्।

यो पुलसँगै सुरु भएको मोदीखोलाको पुल गत वर्ष नै सम्पन्न भएर गाडी गुड्न सुरु भएका छन्। पुल नबनेपछि स्थानीय र सरोकारवाला निकै आक्रोशित छन्। कालीगण्डकी करिडोरअन्तर्गत रानीपानीदेखि फलेवासको पाङराङसम्म कालोपत्रका लागि तयारी भइरहेको छ। पाङराङदेखि मोदीबेनीसम्म ट्र्याकमात्रै खोलिएको छ। मोदी बेनीदेखि अर्मादीसम्मको खण्ड अझै खुलेको छैन। गत वर्ष भिरबाट डोजर खसेपछि ट्र्याक खोल्ने काम बिचमै रोकिएको हो। कालीगण्डकी करिडोरको मोदीबेनी-अर्मादी खण्ड खुलाउन सके ५५ किलोमिटर खण्ड पूरा हुने आयोजनाले जनाएको छ।

# दुर्व्यसनसहित एचआइभी घटाउने अभियान

**पोखरापत्र संवाददाता**

**बागलुङ, ३१ भदौ**

लागुपदार्थ सेवनगर्नेहरूबाट एचआइभी सङ्क्रमण बढ्न थालेकामा यहाँ चिन्ता व्यक्त गर्न थालिएको छ। सुई साटासाट गर्नेबाट एचआइभी बढेको आशङ्कामा त्यसको न्यूनीकरणका लागि सरोकार निकायले अभियान पनि थालेका छन्।

बागलुङमै पनि त्यस्ता युवाको सङ्ख्या बढिरहेकाले पहिलो चरणमा सुरक्षित सुई लगाउने व्यवस्था गर्ने, त्यसपछि आनीबानीमा परिवर्तन ल्याएर शून्य दरमा घटाउने योजना बनाइएको स्वास्थ्य कार्यालयका प्रमुख सुरज गुरौले बताउनुभयो। कम्युनिटी सपोर्ट ग्रुपले उक्त कार्यालयको सहकार्यमा यो अभियान थालेको हो। बुधबार आयोजित एक कार्यक्रममा जिल्लामै २४६ देखि ३२५सम्म युवा लागुपदार्थ सेवनबाटै सङ्क्रमित भएको हुनसक्ने आँकलन गरिएको जानकारी दिइयो।

कम्तीमा ९० प्रतिशत सङ्क्रमित पहिचान गरेर तिनलाई एआरटी सेन्टर पुऱ्याउने र ९० प्रतिशत भाइरस नियन्त्रण गर्ने योजना उक्त ग्रुपले बनाएको बताइयो। सङ्क्रमित पहिचान भएपछि तिनको आनीबानी परिवर्तन गराउने, समुदायबाटै समस्या समाधान गराउने, पटक-पटक भेटिएका सङ्क्रमितको नियमित अनुगमन गर्ने, साथी-साथी मिलेर सुई लगाउनेलाई एउटै सुई दिने, सुई लगाउने दर घटाउने र शून्यमा पुऱ्याउने लक्ष्यसमेत रहेको जानकारी दिइएको थियो।

अहिलेसम्म बागलुङमा ६७ युवाले सुईमार्फत लागुपदार्थ सेवन गर्ने गरेको भेटिएको जनाइएको छ।

नेपालभर २७ हजारदेखि ३४ हजारसम्म लागुपदार्थ सेवनकर्ता युवा रहेको एक अध्ययन प्रतिवेदनमा उल्लेख छ। पहिलो चरणमा व्यक्ति र परिवारबाटै समस्या समाधान खोज्न जिल्ला समन्वय समितिका अधिकृत खिमबहादुर विकले सुझाव दिनुभयो।

# 'बाटो छैन, स्याउ बजारमा कसरी पुऱ्याउने ?'

**पोखरापत्र संवाददाता**

**मनाङ, ३१ भदौ**

यसवर्ष जिल्लामा उत्पादित स्याउ बजारमा पुग्न सकिरहेका छैनन्। विगतका वर्षमा भदौ महिना लाग्नासाथ स्याउ बजारमा पुऱ्याउन सुरु गरिन्थ्यो। नासों गाउँपालिका-९ स्थित दानाक्यु एग्रो फार्म प्रालिका सञ्चालक राजु गुरुङले सडक नहुँदा यसवर्ष स्याउ टिप्न र बजारसम्म पुऱ्याउन ढिलो भएको बताउनुभयो।

उहाँले भन्नुभयो "विगतका वर्षमा यतिखेर स्याउ टिप्न चटोरो हुन्थ्यो। यसवर्ष स्याउ टिप्न र बजार लैजान सक्ने अवस्था छैन। कतै सडक नहुँदा बारीमा नै कुहिने त होइन भन्ने चिन्ता लागेको छ।" उहाँका अनुसार एक सय रोपनीका फार्ममा लगाइएको स्याउ मध्ये ३० रोपनी पहिराले बगाउँदा रु ४० लाख क्षति भएको छ। उहाँ जस्तै जिल्लाका आफ्नै बारीमा व्यावसायिक स्याउखेती गर्दै आएका किसान सडक नहुँदा मर्कामा परेका छन्। यस पटकको बाढीपहिराले स्याउखेती गर्ने किसान वढी समस्यामा परेका जनाइएको छ। बजारमा स्याउ पुऱ्याउन मुस्किल भएको नासों-८ ताचैका किसान सोलबहादुर गुरुङ बताउनुभयो। उहाँले भन्नुभयो "दशैं अगाडिसम्म सडक सुचारु भएमा स्याउ पुऱ्याउन सकिन्छ कि भन्ने आशा जागेको छ।"

एग्रो मनाङका प्रमुख सोमराज गुरुङले यतिखेर स्याउ बजारमा पुऱ्याउनुपर्ने भए पनि सडकका कारण पुऱ्याउन नसकिएको बताउनुभयो। "गतवर्ष यो सिजनमा प्याकिङ गरिन्थ्यो। यसवर्ष पनि दशैंसम्म सडक निर्माण हुने खबर पाएका छौं। सोही अनुसार प्याकिङको काम थालेका छौं। सडक बनेपछि बजारमा पुऱ्याउने तयारीमा छौ।" उहाँले भन्नुभयो। यसैबीच डुम्रे-बैंशीसहर-चामे सडक योजना कार्यालय लमजुङका प्रमुख अच्युत विलास पन्तले सदरमुकाम चामेसम्म असोजसम्ममा सडक सञ्चालन गराउने तयारीमा रहेको जानकारी दिनुभयो। मर्मत तथा सम्भार र निर्माण जारी रहेको उहाँले बताउनुभयो। "सडक मर्मत तथा सम्भार भइरहेको छ। वर्षा भइरहेकाले समस्या भने आइरहेको छ। एक ठाउँमा बनायो अर्को स्थानमा भत्किन्छ। यो समस्याले सडक निर्माणमा अलि ढिलाइ चाही भएकै हो।", उहाँले भन्नुभयो। उहाँका अनुसार अगामी दशैं अगावै जिल्ला सदरमुकामसम्म सवारी सञ्चालन गर्ने योजनासहित काम भइरहेको छ। माथिल्लो मनाङ जाने सडक अन्तर्गतको तलेखु-भ्राताङ भीरमा ब्लाष्टिङ गर्ने सबै सामग्री उपलब्ध गराउँदै काम पनि भइरहेको उहाँले बताउनुभयो। सो सडकखण्ड एक सय सात किलोमिटरमध्ये लमजुङको बैंशीसहरदेखि नासों गाउँपालिका-१ खोत्रोसम्मको ३५ किमी सडक निर्माण भइसकेको छ।

त्यस्तै चामे गाउँपालिकामा स्थानीयवासीको सहयोगमा पालिकाम पूरै सवारी आवतजावत भइसकेको उहाँले बताउनुभयो। उहाँका अनुसार अब उक्त सडक खण्ड अन्तर्गतको खोत्रोदेखि तिमाङसम्म करिब १५ किलोमिटर सडक निर्माण हुनबाँकी छ। माथिल्लो र तल्लो मनाङलाई जोड्नका लागि करिब साढे दुई महिनापछि तलेखु-भ्राताङ भिरमा चट्टान काटेर सडक निर्माणको काम भइरहेको कार्यालयले जनाएको छ। उक्त सडक निर्माण भएपछि सर्वसाधारणलाई आवतजावत तथा सामग्री ढुवानीमा सहज हुनेछ।

# पर्यटक कुर्दैछन्: सहस्राब्दी पदमार्गका व्यवसायी

- वासुदेव पौडेल

**गण्डकी, ३१ भदौ (रासस)**

कोरोना भाइरस सङ्क्रमणका कारण लामो समयदेखि ठप्प बनेका पर्यटकीयस्थल खुल्दै जान थालेसँगै तनहुँको दुलेगौंडाबाट स्याङ्जाको रामबाछा जोडिने नेपालकै एक मात्र मध्यपहाडी क्षेत्रस्थित सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक)का व्यवसायी यतिखेर पर्यटकको स्वागतका लागि जुटिसकेका छन्।

असोजको पहिलो सातादेखि पर्यटक भित्र्याउने लक्ष्यका साथ पदमार्गमा क्षेत्रमा रहेका १७ वटा घरबास (होमस्टे)का सञ्चालकलाई यतिखेर सरसफाइ एवं पूर्वाधारलाई व्यवस्थित गर्न भ्याइनभ्याइ छ। लामो समयदेखि कोरोनाका कारण प्रभावित यस क्षेत्रको पदयात्रा आगामी दिनमा बढ्ने विश्वास पलाएको मिलेनियम ट्रेक व्यस्थापन समितिका महासचिव हर्क गुरुङले बताउनुभयो।

पदमार्गको ढोर मूलकोट दरबारदेखि नै हिमाली एवं पहाडी दृश्यलाई नियाल्दै पदयात्रा गर्न पाइने यो पदमार्ग ७२ किलोमिटर दूरीको छ। सन् २००० बाट खुलेका कारण मिलेनियम (सहस्राब्दी) पदमार्ग नामकरण गरिएको यस पदमार्गले तनहुँको शुक्लागण्डकी नगरपालिका, स्याङ्जाका पुतलीबजार नगरपालिका, बिरुवा गाउँपालिका, भीरकोट नगरपालिका र वालिङ नगरपालिकालाई जोड्छ।

बालकदेखि बृद्धसम्म जो कोहीले पदयात्रा गर्न सर्न सक्ने यो पदमार्ग पार गर्न कूल ६ रात ७ दिन समय छुट्याउनुपर्छ। पदमार्गको ढोरमूलकोट, कोल्माकोट, भैंसेगौंडा, गहते मनकामना, फारथुँ, बुढाकोटलगायत स्थानबाट एकसाथ धवलागिरि, अन्नपूर्ण हिमशृंखला, माछापुछ्रे, लमजुङ हिमाल, गणेश हिमाल, मनास्लु हिमालको सुन्दर दृश्य अवलोकन गर्न सकिन्छ।

प्रकृति र संस्कृतिलाई पर्यटनसँग जोड्ने लक्ष्यका साथ यस क्षेत्रमा प्रचलित मगर समुदायको सोरठी, यानीमाया, गुरुङ समुदायको घाटु, ब्राम्हण, क्षेत्रीको बालनलगायत संस्कृतिको संरक्षणलाई पनि यहाँको गुरुयोजनामा समेटिएको छ। अघिल्लो वर्ष पनि कोरोनाका कारण लामो समय प्रभावित बनेको पदमार्ग यस वर्ष समेत चैत यता सञ्चालनमा आउन सकेको थिएन। पदमार्ग सञ्चालनमा नआए पनि कोरोना महामारीका बाबजुद स्वास्थ्यमापदण्ड प्रति सचेत बन्दै पूर्वाधार विकासका कामलाई भने अघि बढाइएको महासचिव गुरुङले जानकारी दिनुभयो। "अघिल्लो वर्ष पनि कोरोना कहरका बीच पदमार्ग क्षेत्रका मिलेनियम गुफा, ढोर मूलकोट दरबार, भीरकोट कालिका दरबार, गहते मनकामनालगायत स्थानमा पूर्वाधार विकासका काम अघि बढाएका थियौं", उहाँले भन्नुभयो।

यस वर्ष पनि पदमार्ग क्षेत्रको शुक्ला गण्डकी नगरपालिका-११ राइपुरस्थित जन्ते ढुङ्गा क्षेत्रमा गण्डकी प्रदेशको पर्यटन मन्त्रालयको रु तीन लाख ५० हजारको सहयोगमा तारबार गरिएको उहाँले जानकारी दिनुभयो। पदमार्ग क्षेत्रकै पुतलीबजार नगरपालिका-१२ पेल्काचौरको गैरी स्वाँहारादेखि केघा देउरालीसम्म ४२० मिटर पैदलमार्ग व्यवस्थित गरिएको उहाँको भनाइ छ। देशका अन्य पर्यटकीय गन्तव्य खुलेसँगै आगामी असोज १ गतेदेखि सहस्राव्दी पदमार्ग पनि पर्यटका लागि खुला गरिएको उहाँले जानकारी दिनुभयो। "पदमार्ग क्षेत्रमा रहेका १७ वटै होमस्टेका सञ्चालक यतिखेर पर्यटकको पर्खाइमा छन्", उहाँले भन्नुभयो, "मध्यपहाडी क्षेत्रमा पदयात्रा गर्नुको आफ्नै विशिष्ट मौलिकता रहेका कारण पनि पछिल्ला समयमा यस पदयात्रा मार्गमा पर्यटकको चासो बढ्दै गएको छ।"

पहाडी तथा हिमाली दृश्य नियाल्नुका साथै नेपालमा मात्रै पाइने चरा काँडेभ्याकुर पदयात्राका क्रममा ठाउँ ठाउँमा देख्न पाइनु यहाँको विशिष्टता हो। पदयात्रासँगै पर्यापर्यटनमा रुचि राख्नेका लागि पनि सहस्राव्दी पदमार्ग पुग्नै पर्ने गन्तव्य रहेको प्रकृतिका साथीहरूका निर्देशक राजु आचार्यले बताउनुभयो। उहाँका अनुसार पदयात्राका क्रममा यस क्षेत्रमा विभिन्न जातका पुतली, चराचुरुङ्गीका साथै स्तनधारी प्राणीहरू प्रत्यक्ष अवलोकन गर्न सकिन्छ।

पदमार्ग अन्तर्गत पुतलीबजार नगरपालिका-२ को राङभाङ–भैँसेगौंडामा प्रकृतिका साथीहरू संस्थाको आयोजनामा अघिल्लो वर्ष वन्यजन्तु अनुसन्धान विधि तालिम सम्पन्न भएको थियो। विभिन्न जिल्लाका १३ जना सहभागीले उन्नाइस दिने तालिमका क्रममा जङ्गलमा रहेका चरा, पुतली एवम् स्तनधारी प्राणीको पहिचान र त्यसको अनुसन्धान विधि बारे जानकारी लिएका थिए।

यस वर्ष पनि प्रकृतिका साथीहरूको प्राविधिक सहयोगमा राङभाङ–भैंसेगौंडा क्षेत्रमा पुतली, चरा तथा स्तनधारी प्राणीको गणना गर्ने गरी कार्यक्रम अघि बढाउन लागिएको मिलेनियम भैसे गौडा सामूदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङले जानकारी दिनुभयो। एक अध्ययन अनुसार राङभाङ-भैंसेगौंडा क्षेत्रमा मात्रै ११५ प्रजातिका चरा भेटिएका छन् भने समग्र सहस्राव्दी पदमार्ग क्षेत्रमा १३७ प्रजातिका चरा पाइएका छन्।

सहस्राव्दी पदमार्गको ५२ किलोमिटर बन क्षेत्रले समेटिएको छ। आगामी दिनमा आउन सक्ने पर्यटकलाई लक्षित गरी होमस्टेका सञ्चालकले पनि तयारी थालिसकेको बताउँदै उहाँले आफूहरू आगामी दिनमा कोरोना भाइरस सङ्क्रमण हटेर यस क्षेत्रको पर्यटन चलायमान बन्ने विश्वासमा रहेको बताउनुभयो। "कोरोना भाइरस सङ्क्रमणका कारण आन्तरिक पर्यटनको विकास अहिलेको आवश्यकता हो", उहाँले भन्नुभयो, "लामो समयको बन्दाबन्दीका कारण घरमा नै बन्दी भएर बस्नुपरेका व्यक्तिहरू आफ्नो परिवार सहित ढुक्कसँग यस पदमार्गमा पदयात्रा गर्न सक्दछन्।"

# तनहुँमा निषेधाज्ञा बढाइयो

**पोखरापत्र संवाददाता**

**दमौली, ३१ भदौ**

जिल्ला सङ्कट व्यवस्थापन केन्द्र तनहुँले निषेधाज्ञा लम्ब्याएको छ। केन्द्रको आज बसेको बैठकले आगामी असोज १२ गतेसम्म निषेधाज्ञा बढाउने निर्णय गरेको हो। यसअघि जारी निषेधाज्ञा आज राति १२ बजे सकिँदैछ।

कोभिड-१९ को जोखिम अझै कायम रहेकाले निषेधाज्ञालाई निरन्तरता दिइएको केन्द्रका संयोजक एवं निमित्त प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। निषेधाज्ञा कडाइका साथ पालना गर्न गराउन सबैमा आग्रह गरिएको छ। भौतिकरूपमा उपस्थित भई गरिने सभा, सम्मेलन, प्रदर्शन, मेला, जात्रा र महोत्सवमा रोक लगाइएको छ। "साधारणसभा, सम्मेलन र अधिवेशन सरकारले कायम गरेको स्वास्थ्य मापदण्ड पालना गरी गर्न सकिने छ", स्थानीय प्रशासनको आदेशमा उल्लेख छ। विद्यालय र क्याम्पसमा पठनपाठनका लागि विद्यालय सिकाइ सहजीकरण निर्देशिका र कोभिड-१९ सङ्क्रमण जोखिम नियन्त्रण कार्यविधि, २०७८ अनुसार विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा स्थानीय तहको निर्णयअनुसार गराउन सकिने आदेशमा भनिएको छ। पार्टी प्यालेस सञ्चालन गर्न स्वास्थ्य मापदण्डको पालना गरी कूल क्षमताको ५० प्रतिशत नबढ्ने गरी साँझ ६ बजेसम्म अनुमति दिइएको छ।

# दमौलीमा ४५ करोडमा मल निर्माण

**पोखरापत्र संवाददाता**

**पोखरा, ३१ भदौ**

तनहुँको दमौलीमा रु ४५ करोडको लगानीमा सुविधासम्पन्न मल निर्माण गरिएको छ। 'एपेक्स मल्टिमिडिया प्रालि'ले व्यास नगरपालिका-२ मा उक्त मल निर्माण गरेको हो।

विभिन्न सेवा सुविधासहित एउटै छानामुनि किनमेल, मनोरञ्जन, खानपिनको सुविधा र डिजिटल प्रविधियुक्त चलचित्र घर सञ्चालनका लागि मल निर्माण गरिएको प्रालिका प्रबन्ध निर्देशक गणेश श्रेष्ठले जानकारी दिनुभयो। कोरोना सङ्क्रमणका कारण मल निर्माणमा ढिलाइ भएको हो। "विजयादशमी अघि नै मल सञ्चालनमा आउँछ", श्रेष्ठले भन्नुभयो। मलमा २३८ र १२० जना अटाउने छुट्टाछुट्टै चलचित्र घर निर्माण गरिएको छ। "साताभरि नै मल सञ्चालन गरिने छ", प्रालिका व्यापार प्रमुख सुशील न्यौपानेले भन्नुभयो।

कूल ४५ पसल क्षमताको मलमा हाल बुकिङ खुला गरिएको छ। त्यसमध्ये १५ प्रतिशत बुकिङ भइसकेको छ। उपभोक्ताको मागलाई ध्यानमा राख्दै मल निर्माण गरिएको न्यौपानेले बताउनुभयो।

# किसानको प्रश्न: 'आफ्नै वन प्रयोग गर्दा हामी तस्कर ?'

- खेमराज गौतम

**बागलुङ, ३१ भदौ (रासस)**

विगत २५ वर्षदेखि फर्निचर व्यवसायमा लाग्नुभएका बागलुङका दुर्गा विश्वकर्माले अहिले फर्निचर उद्योगमा १० जनालाई रोजगारी दिँदै आउनुभएको छ।

विसं २०५२ मा तीन हजार तलब खाएर फर्निचर व्यावसाय थाल्नुभएका दुर्गाले अहिले बागलुङ नगरपालिका-४ कुँडुलेमा आफ्नै फर्निचर उद्योग सञ्चालनमा ल्याएका हुन्। आफूले राज्यलाई कर तिरेर उद्योग चलाउँदासमेत पटक/पटक काठ तस्करीको आरोप सामना गर्दै आएको उहाँको गुनासो छ।

"आफ्नै पारिवारिक वनबाट समेत काठ ल्याउँदा काठ तस्कर भनेर जेल हालियो, के हामीले राज्यको निकायमा दर्ता गरेर कर तिरेरसमेत उद्योग सञ्चालन गर्न नपाउने हो", उहाँले भन्नुभयो, "आफ्नै स्वामित्वमा रहेको वनबाट काठ ल्याउनसमेत झन्झटिलो सरकारी प्रक्रियाले वन किसानहरू निराश छन्, राज्यले वनलाई प्रयोग गर्न रोक्ने होइन, यसलाई उत्पादनसँग जोडेर रोजगार ीसमेत सिर्जना गर्न सहयोग गर्नुपर्दछ।" विश्वकर्माले काठ निकासीका लागि सबै प्रक्रिया पुऱ्याएर कर तिरे पनि विभिन्न बहानामा वन कार्यालय तथा प्रहरीले आफूहरूलाई दुःख दिने गरेको गुनासो गर्नुभयो। राजयलाई कर तिरेर करोडौं लगानी गरेका फर्निचर व्यवसायी र १० हजार लगानी गरेर एउटा दराज बनाउने व्यवसायीबीच प्रतिस्पर्धा गर्न नसकिने उहाँको भनाइ छ। पारिवारिक निजी वनहरूको बुधबार आयोजित अन्तर्क्रिया कार्यक्रममा सरोकारवालाले वनलाई उत्पादनसँग नजोडी देश विकास नहुने भन्दै कानुनी सहजता हुनुपर्नेमा जोड दिनुभएको थियो। नेपालमा निजी वनले आवश्यक काठको आधाभन्दा बढी माग पूरा गरेको भए पनि सामुदायिक वन तथा निजी वनलाई संरक्षणसँगै अधिकतम उपयोग गर्न सक्नुपर्ने बताइएको छ। सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय सदस्य प्रेम लामिछानेले वनलाई दाउँरा, घाँसमात्रै नभएर बहुउपयोगी, राम्रो काठ उत्पादन र फलफूलजस्ता क्रियाकलापसँग जोड्नुपर्नेमा गण्डकी प्रदेश रकारले वन ऐन ल्याउन नसक्दा समस्या भएको बताउनुभयो। कानुनमा वनलाई छुनै हुन्न भन्नेजस्तो छ, नेपालमा वनलाई उत्पादन, पर्यटन र रोजगारीसँग नजोडे वन केबल वनमा मात्रै सीमित हुने गण्डकी प्रदेशसभा सदस्य इन्द्रलाल सापकोटाले बताउनुभयो। "गण्डकी प्रदेशले वन ऐन ल्याउन थालेको छ, ऐन नहुँदा वन किसान मर्कामा परेको धेरै गुनासो सुनियो", उहाँले भन्नुभयो, "स्थानीय तहले समेत वन ऐन बनाएर अगाडि बढ्न आवश्यक छ, होइन भने हरियो वन नेपालको धन नारामा मात्रै सीमित रहनेछ।" हरियो वन नेपालको धन भन्ने तर छुन नै नपाउने हो भने नेपालले आर्थिक विकास र समृद्धि हासिल गर्न नसक्ने उहाँले बताउनुभयो। निजी वनका गण्डकी प्रदेश अध्यक्ष जीवन उचैले आफैँले लगाएको वन आफ्नै स्वामित्वमा भएको वनका काठ निकासी तथा बजारीकरण गर्न समेत वन कार्यालय धाउनुपर्ने, झन्झटिलो प्रक्रियालगायतका कारण वन किसान र उद्यमी मर्कामा परेको बताउनुभयो।

वन ऐन बनाएर गाउँपालिकाले वनको वैज्ञानिक व्यवस्थापनका लागि यस आवमा रु १० लाख विनियोजन गरेको काठेखोला गाउँपालिकाका अध्यक्ष अम्मरबहादुर थापाले जानकारी दिनुभयो। वनमा अब सल्लो रोपेर होइन, एभोकाडो, लोठ सल्ला, फलफूललगायतका आम्दानीसँग जोडिएका वृक्षरोपण गर्नुपर्ने उहाँको भनाइ छ।